प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, स्याङ्जा

गण्डकी प्रदेश

पत्र संख्याः ०७८/०७९

चलानी नं.

मिति २०७८/११/२५

## नयाँ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन (सुन्तलाजात फलफूल, मौरी, अदुवा/ बेसार ) मा समावेश हुन ईच्छुक कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुले आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मितिः २०७८/११/२५

कृषि ज्ञान केन्द्र, स्याङ्जाको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना संघ स-सर्त तर्फ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) कार्यक्रममा समावेश हुन ईच्छुक कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुले राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रकाशन भएको मितिले ७ दिन (२०७८/१२/०१ गते) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी सम्बन्धित स्थानमा गठन भएका ब्लक संचालन समन्वय समिति मार्फत आ-आफ्नो कार्यक्रम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन गर्न स्वीकृत भएका स्थान | संचालन हुने कार्यक्रम र अनुदानको अधिकतम सिमा |
|---|---|---|---|
| १ | नयाँ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन-सुन्तलाजात फलफूल | आधिखोला गा. पा. को वडा नं ६ र २ को सम्पूर्ण क्षेत्र । | सम्झौता बमोजिमका कार्यक्रम सम्पन्न भएको प्रतिवेदनको आधारमा उत्पादन, प्रशोधन तथा बजारिकरणका लागि आवश्यक उत्पादन सामाग्री एवं यान्त्रीकरण सामाग्रीहरुमा कार्यविधि अनुसारको न्युनतम ५०% देखि अधिकतम ८५% सम्म अनुदान उपलब्ध गराईने। |
| २ | नयाँ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन - मौरी | पु. ब. न. पा. वडा नं ९ को सम्पूर्ण क्षेत्र । | |
| ३ | नयाँ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालन - मसलावाली | हरिनास गा. पा. वडा नं ४ र २ को राम्चे, चिसापानी लगायत सम्पूर्ण क्षेत्र । | |

आवश्यक कागजातहरुः

- कृषि समूह/ सहकारी/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
- कार्यक्रम संचालन हुने स्थान(जग्गा /जमिन)को विवरण वा भाडामा जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा।
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
- कार्य समितिको निर्णयको प्रतिलिपि (यदि समूह/सहकारी भएमा)।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसुचि १० बमोजिमको प्रस्ताव सहितको निवेदन।

नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कृषि ज्ञान केन्द्रको वेव साईटमा उपलब्ध हुनेछ।

कार्यालयमा सम्पर्क व्यक्तिः इश्वरी प्र. अर्याल ९८५६०५४०८५

सोनी राना ९८४७०८७९२९

विनोद हमाल

प्रमुख

विनोद हमाल